# JOB SPECIFICATION
# AND
# SKILL TEST

**JOB TITLE** : **Assistant Leather Goods Technician, L-2**

**SECTOR** : **Tailoring**

**SUB-SECTOR** : **Assistannt Leather Goods**

**Council for Technical Education and Vocational Training**

## National Skill Testing Board

**Sanothimi, Bhaktapur, Nepal.**

**Ashadh, 2057/58**

# कार्य निर्देश(सपि प्रमाणिका)

पद : सहायक छाला वस्तू टेक्निसियन, तह-२

क्षेत्र : छाला वस्तूहरु तयार गर्ने

उपक्षेत्र : सिलाई कटाई

# राष्ट्रिय सीप प्रमाणिका र परीक्षण तर्जूमा गर्ने विज्ञहरुको नामावली

| | | | |
|---|---|---|---|
| १. | श्री कृष्ण प्रसाष्द अधिकारी | संयोजक | संयोजक,<br>छाला वस्तु प्रवर्धन आयोजना, घरेलु तथा साना उद्योग विभाग,<br>त्रिपूरेश्वर । |
| २. | श्री हरिहर थपलिया | सदस्य | निर्देशक,<br>सीप परीक्षण महाशाखा, प्रा.शि.तथा व्या.ता.परिषद् । |
| ३. | श्री सूरेन्द्र प्रसाष्द दाहाल | विषय विज्ञ | लेदर विङ्गस वांसवारी काठमाण्डौ । |
| ४. | श्री विरमणी बज्राचार्य | विषय विज्ञ | ह्‍युमनर वेयर, नयां सडक, काठमाण्डौ । |
| ५. | श्री ठाकूर बहादूर दरै | विषय विज्ञ | छाला वस्तू प्रशिक्षक, छाला वस्तु प्रवद्धन आयोजना, त्रिपूरेश्वर । |
| ६. | श्री श्रीधर रंजितश्री | सदस्य | उप निर्देशक, सीप परीक्षण महाशाखा, प्रा.शि.तथा व्या.ता. परिषद् |
| ७. | उर्मिला श्रेष्ठ | निर्माणकर्ता | तालीम अधिकसत, छाला वस्तू प्रर्वद्धन आयोजना, त्रिपूरेश्वर । |

**त्रिपक्षीय राष्ट्रिय सीप परीक्षण समिति**

<table>
<tr><th colspan="2">कार्य निर्देश(सीप प्रमाणिका)</th></tr>
<tr><td>१</td><td>पद: सहायक छाला वस्तू टेक्निसियन<br>तह : २</td></tr>
<tr><td>२</td><td><u>कार्य विवरण</u><br><br>सहायक छाला वस्तू टेक्निसियनले दिइएको डिजाईन र नाप अनूसारको Master Pattern, Cutting Pattern तयार गर्ने, सामान अनूसारको छालाको छनौट गर्ने, छालामा चिन्ह लगाउने, छाला काट्ने, आवश्यकता अनूसार स्प्लिटिङ्ग र स्काइभिङ्ग गर्दछ । यस तहको सीपको व्यक्तिले टि म्याट, कि-रिङ्ग, कि( केश, भिजिटिङ्ग कार्ड होल्डर, वेल्ट, क्वाइन पर्स, लेडिज सपिङ्ग व्याग र साधारण जेन्स वालेट तयार गर्दछ । साथै सम्बन्धित मेसिन, अजार र उपकरणको सामान्य मर्मत र संभार समेतको काम गर्दछ ।</td></tr>
<tr><td>३</td><td><u>निर्दिष्ट कार्यसूची:</u><br><br>१. छाला सिलाउने मेसिन संचालन, साधारण मर्मत र संभार गर्ने ।<br>२. टि म्याट (T - mat) तयार गर्ने ।<br>३. कि रिङ्ग(Key- ring) तयार गर्ने ।<br>४. कि केश(Key- case) तयार गर्ने ।<br>५. भिजिटिङ्ग कार्ड होल्डर (Visiting card hoilder) तयार गर्ने ।<br>६. वेल्ट (Belt) तयार गर्ने ।<br>७. क्वायन पर्स(Coin purse) तयार गर्ने ।<br>८. लेडिज व्याग/सपिङ्ग व्याग(Ladies bag/shooping bag) तयार गर्ने ।<br>९. साधारण वालेट (Simple gents wallet) तयार गर्ने ।<br>१०. फोल्डर/पासपोर्ट केश (Folder passport case) तयार गर्ने ।</td></tr>
<tr><td>४</td><td>योग्यता (प्रवेश आधार)<br><br>शारीरिक योग्यता : सामान्य त स्वस्थ्य र इच्छित व्यक्तिहरुले यो कार्य गर्न सक्नेछ ।<br>शैक्षिक योग्यता : साधारण लेखपढ ।</td></tr>
</table>

<table>
<tr><th colspan="2">निर्दिष्ट कार्य निर्देश</th></tr>
<tr><td>५</td><td>निर्दिष्ट कार्य संख्या : १<br>निर्दिष्ट कार्य शिर्षक : सिउने मेसिन संचालन, मर्मत र संभार पद: सहायक छाला वस्तू टेक्निसियन, तह -२</td></tr>
<tr><td>६</td><td><u>निर्दिष्ट कार्याशंहरु :</u><br><br>१.१ सिलाउनू अघि सिउने (कल) मेसिनको स्थिति(Condition) जांच्ने ।<br>१.२ आवश्यक औजार र सामाग्रीहरु तयार गर्ने ।<br>१.३ सिलाउने सामान अनूसारको समल्ने सियो तयार गर्ने ।<br>१.४ वविनमा धागो भर्ने (सियो अनूसारको) ।<br>१.५ थ्रेड गाइड अनूसार धागो बदल्ने ।<br>१.६ मोटर (लेदर) वेल्ट(Motor belt) जांच्ने ।<br>१.७ मेसिनको पाउदानी (Padel) जांच्ने ।<br>१.८ मेसिन संचालन गरी टांका जांच्ने ।<br>१.९ समय, समयमा मेसिनको सफाई गर्ने ।<br>१.१० मेसिनमा तेल हाल्ने ।</td></tr>
</table>

| | | निर्दिष्ट कार्य निर्देश |
|---|---|---|
| ७ | | **निर्दिष्ट कार्य सम्पादनका लागि आवश्यक सामाग्रीहरु :**<br><br>क) औजारहरु : मार्तोल ठुलो,सानो(Screwdriver), पेन्चिस (Pliers), मूग्रो (Hammer) कैंची ।<br>ख) सामानहरु : एप्रोन, मेसिनको तेल, प्राथमिक उपचारको सामाग्रीहरु र आवश्यकता अनूसारको मेसिनको पार्टपुर्जाहरु । |
| ८ | | **निर्दिष्ट कार्य सम्पादन स्तर :**<br><br>• दिइएको निर्देशन अनूसार मेसिन मर्मत र संभाार गर्नको लागि आवश्यक विभिन्न औजार, सामानहरु र पार्टपुर्जाहरुको छ्नौट गरेको ।<br>• मेसिनको जांच गरी समस्या के हो पत्ता लगाई मर्मत गरेको ।<br>• मेसिनमा सिलाउने सामान र कच्चा पदार्थ अनूसारको सियो, धागो, उचित तरिकाले (matching) सिलार्य राखेको ।<br>• मेसिनको फित्ता (belt) र पाउदानी जांचेर सिलाई गरी टांका मिलाईको । |

| ९ | १० | निर्दिष्ट कार्य तालीम आधार सामाग्रीहरु | | | |
|---|---|---|---|---|---|
| नि.का. संख्या | नि.का. संख्या | प्राविधिक ज्ञान | व्यावहारिक परिकलन | रेखात्मक ज्ञान | सूरक्षा तथा स्वस्थ्य वृत |
| १ | १ | दिइएको मौखिक वा लिखित निर्देशन प९्न र बूझ्न सक्ने । | | ट्रेडमार्क र कम्पनी मूताविक( सिउनेकल) जांच गर्ने ज्ञान । | मेसिन सफा गर्दा लाग्ने चोटपटकबाट बचावट । |
| | २ | मेसिन मर्मत र सिलाइ गर्नू अगाडी आवश्यक औजारहरु र सामाग्रीहरु छनौट गर्ने ज्ञान । | | | |
| | ३. | मेसिनको संचालन स्थितिको (Operating condition) को ज्ञान । | | | |
| | ४. | मेसिनमा सियो जडान गर्ने (Frove condition) को ज्ञान । | | | |
| | ५. | बविनमा धागो बेर्ने तरिकाको ज्ञान । | | | सियो राख्दा(इलेक्ट्रिक) मेसिन भए स्वीच बन्द गर्नूपर्ने । |
| | ६. | बबिन, बबिन केश भित्र राख्ने र बबिन केश शतलमा राख्ने तरिका । | | | बबिनमा धागो भर्दा pressure foot माथि उचाल्नू पर्ने । |
| | ७. | थ्रेड गाईड देखि सियो सम्म क्रमबद्ध रुपमा धागो राख्ने तरिका । | | | |
| | ८. | मेसिनको सिलाई (stitch tension) जांच्ने तरिका । | | | |
| | ९. | सिलाई सूरु गर्नु अघि बबिनको धागो माथि ल्याउने । | | | |
| | १०. | मेसिनमा तेल राख्ने भागको जानकारी । | | | |
| | ११. | मेसिनलाई छोपेर (Cover) धूलो नलाग्ने गरी सूरक्षितसंग राख्ने । | | | |

| | निर्दिष्ट कार्य सम्पादन परीक्षण (सीप मुल्याकंन) | | |
|---|---|---|---|
| ११ | निर्दिष्ट कार्य शीर्षक : मेसिन संचालन, मर्मत र संभार<br>निर्दिष्ट कार्य संख्या : १ | | परीक्षण स्थान :<br>उम्मेदवारको नाम :<br>मुल्याकंनकर्ताको नाम : |
| १२ | परीक्षण कारक तत्व तथा दफाहरु | स्तर कायम भएको | स्तरकायम नभएको (टिप्पणी गर्ने) |
| | <u>के उम्मेदवारले ?</u><br>१.१ दिईएको मौखिक वा लिखित निर्देशन अनूसार मेसिनको मर्मत र संभार गरे ।<br>१.२ आजवश्यक विभिन्न औजार, सामाग्री र पार्टपूर्जाहरुको व्यवस्था गरे ।<br>१.३ मेसिनको जांच गरी त्यसमा रहेको समस्या बूझेर मर्मत गरी संचालन योग्य बनाए ।<br>१.४ मेसिनमा छाला अनूसारको सियो र मिल्ने रंगको धागो लगाए<br>१.५ बबिनमा पनि मिल्ने गरी धागो बेरेको छ ।<br>१.६ मेसिनमा बबिन ठीक गरी सिलाई टांका मिलाएको छ । | | |

| निर्दिष्ट कार्य निर्देश | |
|---|---|
| ५ | **निर्दिष्ट कार्य संख्या : २**<br>**निर्दिष्ट कार्य शिर्षक : टि म्याट** (Tea mat) **तयार गर्ने ।** **पद: सहायक छाला वस्तू टेक्निसियन, तह -२** |
| ६ | **<u>निर्दिष्ट कार्याशंहरु :</u>**<br><br>२.१ डिजाईन सहित नाप र निर्देशन प्राप्त गर्ने ।<br>२.२ आवश्यक सामानहरुको व्यवस्था गर्ने ।<br>२.३ दिइएको डिजाइन र नापको आधारमा Master Pattern बनाउने ।<br>क) लम्बाई मिलाउने ।<br>ख) चौडाई मिलउने ।<br>ग) आकार मिलाउने ।<br>२.४ Master pattern तयार गर्ने ।<br>२.५ Master pattern अनूसार cutting pattern बनाउने ।<br>२.६ छालाको छनौट गर्ने ।<br>२.७ छालामा cutting pattern चिन्ह लगाई (Pattern layout) काट्ने ।<br>२.८ आवश्यकता र अन्य कच्चा पदार्थहरु (Card board) अनूसार स्काइमिङ्ग(हातले वा मेसिनले) गर्ने ।<br>२.९ दोबार्ने भागमा ग्लु लगाउने, चिन्ह अनूसार कार्डबोर्ड राख्ने ।<br>२.१० मिलाएर दोबारी सिलाई गर्ने ।<br>२.११ सिलाई सकेपछि धागो गांठो पारी पोलेर ठोक्ने ।<br>२.१२ पालिस लगाई फिनिसिङ्ग गर्ने । |

| | निर्दिष्ट कार्य निर्देश |
|---|---|
| ७ | **<u>निर्दिष्ट कार्य सम्पादनका लागि आवश्यक सामाग्रीहरु :</u>**<br><br>क) टि म्याट (T- mat) को डिजाईन ।<br>ख) प्यार्टन पेपर, पेन्सिल, स्केल,सेट स्कवायर, इरेजर, पेपर कटर, पोइन्टर, ब्रुस, मूग्रो (Hammer)<br>ग) छाला, धागो, ग्लू,कार्ड बोर्ड ।<br>घ) छाला सिलाउने मेसिन, सियो ।<br>ड.) कटिङ्ग, टेबव, स्टुल, कटिङ्ग सीट । |
| ८ | **<u>निर्दिष्ट कार्य सम्पादन स्तर :</u>**<br><br>• दिइएको डिजाइन र नाप अनूसार मिल्ने गरी Master Pattern/cuttting pattern तयार गरेको ।<br>• छाला तथा अन्य कच्चा पदार्थहरुमा cutting pattern अनूसार राम्रोसंग चिन्ह लगाई काटेको ।<br>• दोबार्ने भागमा मिल्ने गरी स्काइमिङ्ग गरेको ।<br>• उचित तरिकाले ग्लू लगाई सबैतरि दोबारेको ।<br>• डिजाईन अनूसार ०.१ देखि ०.२ cm मा सिलाएर फिनिसिङ्ग गरेको । |

| ९ | १० | निर्दिष्ट कार्य तालीम आधार सामाग्रीहरु | | | |
|---|---|---|---|---|---|
| नि.का. संख्या | नि.का. संख्या | प्राविधिक ज्ञान | व्यावहारिक परिकलन | रेखात्मक ज्ञान | सूरक्षा तथा स्वस्थ्य वृत |
| २. | १. | डिजाईन सहित दिइएको निर्देशन बूझ्न सक्ने । | डिजाइन अनूसार अनूपात मिल्ने गरी नाप निर्धारण गर्न सक्ने । | डिजाईन र प्यार्टनमा प्रयोग हूने चिन्हहरु (symbol) को अर्थहरु । | |
| | २. | नमुना उत्पादनको लागि आवश्यक सामानहरु छनौट गर्ने । | कच्चा पदार्थको खपत र मुल्याकंन गर्ने ज्ञान । | | |
| | ३. | डिजाईन अनूसारको Master Pattern बनाउन जान्ने । | | | |
| | ४. | Master pattern अनूसार cutting pattern हरु बनाउन जान्ने । | | | |
| | ५. | छालामा प्यार्टन चिन्ह लगाई दोबार्ने भागमा स्काइमिङ्ग गर्ने । | | | |
| | ६. | Card board राखी दोबार्ने भागमा ग्लू लगाएर आकार (Shape) मिल्ने गरी दोबार्ने | | | |
| | ७. | समतल(smoothly) मिल्ने गरी दोबारेर सिलाउन जान्ने । | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | निर्दिष्ट कार्य सम्पादन परीक्षण (सीप मुल्याकंन) | | |
|---|---|---|---|
| ११ | निर्दिष्ट कार्य शीर्षक : टि म्याट (T Mat) तयार गर्ने ।<br>निर्दिष्ट कार्य संख्या : २ | | परीक्षण स्थान :<br>उम्मेदवारको नाम :<br>मुल्याकंनकर्ताको नाम : |
| १२ | परीक्षण कारक तत्व तथा दफाहरु | स्तर कायम भएको | स्तरकायम नभएको (टिप्पणी गर्ने) |
| | <u>के उम्मेदवारले ?</u><br>२.१ दिइएको मौखिक वा लिखित निर्देशन बूझेको छ ।<br>२.२ प्यार्टन बनाउन आवश्यक सामानहरु तयार गरे ।<br>२.३ डिजाईन र नाप अनूसारको Master pattern र cutting pattern हरु तयार गरे ।<br>२.४ आवश्यक कच्चा पदार्थहरु कटिङ्ग गरे ।<br>२.५ छालाको दोबार्ने भागमा स्काइमिङ्ग गरे ।<br>२.६ दोबारेको ठाउंमा लाइन एकनासले (smooth) मिलेको छ ।<br>२.७ सिलाइ भाग (stitch margin) बराबर छ ।<br>२.८ फिनिसिङ्ग गरेको छ । | | |

| निर्दिष्ट कार्य निर्देश | |
|---|---|
| ५ | **निर्दिष्ट कार्य संख्या : ३**<br>**निर्दिष्ट कार्य शिर्षक : कि रिङ्ग**(key ring) **तयार गर्ने ।** **पद: सहायक छाला वस्तू टेक्निसियन, तह -२** |
| ६ | **<u>निर्दिष्ट कार्याशंहरु :</u>**<br><br>३.१ डिजाईन र नाप सहित निर्देशन प्राप्त गर्ने ।<br>३.२ आवश्यक सामानहरु तयार गर्ने ।<br>३.३ डिजाईन अनूसारको Master pattern बनाउने ।<br>३.४ Master pattern बाट cutting pattern बनाउने ।<br>३.५ छालामा cutting pattern हरु चिन्ह लागई कटिङ्ग गर्ने ।<br>३.६ आवश्यक अन्य कच्चा पदार्थहरु (card board, foam) कटिङ्ग गर्ने ।<br>३.७ कार्डबोर्ड र फोम मिलाएर राखी फोल्डिगं भागमा ग्लू लगाउने ।<br>३.८ राम्रोसंग फोल्ड गरिसकेपछि वरिपरि ०.१ देखि ०.२ cm सम्मा सिलाइ गर्ने ।<br>३.९ रिविट ठोकेर कि रिङ्ग जडान गर्ने ।<br>३.१०पालिस लगाई फिनिसिङ्ग गर्ने । |

| | निर्दिष्ट कार्य निर्देश |
|---|---|
| ७ | **<u>निर्दिष्ट कार्य सम्पादनका लागि आवश्यक सामाग्रीहरु :</u>**<br><br>क) कि रिङ्गको डिजाईन र नाप ।<br>ख) प्यार्टन पेपर, पेन्सिल, स्केल,सेट स्कवायर, इरेजर, पेपर कटर, पोइन्टर, ब्रुस,<br>ग) मूग्रो (Hammer), पोइन्टर, स्टेनसिल ।<br>घ) छाला,फोम, ग्लू,धागो,कि रिङ्ग,रिविट<br>ड.) सिउने मेसिन,मेसिनको सियो ।<br>च) कटिङ्ग, टेबल, स्टूल कटिङ्ग सिट । |
| ८ | **<u>निर्दिष्ट कार्य सम्पादन स्तर :</u>**<br><br>• प्राप्त नाप र डिजाईन अनूसारMaster pattern, cutting pattern तयार गरिएको ।<br>• आवश्यक कच्चा पदार्थहरुको छनौट गरिएको ।<br>• कि रिङ्गको दूबै तहको तयारी नाप बराबर भएको ।<br>• रिविट राम्रोसंग ठोकी कि रिङ्ग जडान गरिएको । |

| ९ | १० | निर्दिष्ट कार्य तालीम आधार सामाग्रीहरु | | | |
|---|---|---|---|---|---|
| **नि.का. संख्या** | **नि.का. संख्या** | **प्राविधिक ज्ञान** | **व्यावहारिक परिकलन** | **रेखात्मक ज्ञान** | **सूरक्षा तथा स्वस्थ्य वृत** |
| ३. | १. | डिजाईन सहित दिइएको निर्देशन बूझ्न सक्ने । | चित्र हेरेर तयारी नाप निर्धारण गर्न सक्ने । | | |
| | २. | सामान बनाउन आवश्यक सर सामान छनौट गर्न सक्ने । | | | |
| | ३. | डिजाईन अनूसारको Master pattern बनाउने | | | |
| | ४. | Master pattern बाट cutting pattern हरु बनाउने । | | | |
| | ५. | Cutting pattern छापेर छाला, फोम र कार्डबोर्ड कटिङ्ग गर्ने । | | | |
| | ६. | दोबार्नेभागमा स्काइमिङ्ग गर्ने । | | | |
| | ७. | कार्डबोर्ड, फोम मिलाएर राखी बांकी भाग दोबारेर सिलाई गर्ने । | | | |
| | ८. | त्रिकोण एङ्गल(angle) मिल्ने गरी रिविट ठोकेर कि रिङ्ग जोड्ने । | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | निर्दिष्ट कार्य सम्पादन परीक्षण (सीप मुल्याकंन) | | |
|---|---|---|---|
| ११ | निर्दिष्ट कार्य शीर्षक : कि रिङ्ग तयार गर्ने ।<br>निर्दिक्ष्ट कार्य संख्या : ३ | | परीक्षण स्थान :<br>उम्मेदवारको नाम :<br>मुल्याकंनकर्ताको नाम : |
| १२ | परीक्षण कारक तत्व तथा दफाहरु | स्तर कायम भएको | स्तरकायम नभएको (टिप्पणी गर्ने) |
| | <u>के उम्मेदवारले ?</u><br>३.१ डिजाईन र निर्देशन प्राप्त गरे ।<br>३.२ सामान बनाउन आवश्यक चिजहरुको छनौट गरे ।<br>३.३ Master pattern को तयारी नाप र डिजाईन अनूसार ठिक छ ।<br>३.४ दोबारेर सिलाई गरेको दूबै तह बराबरी मिलेको छ ।<br>३.५ कि रिङ्ग जडान गर्न ठोकेको रिविट ठिक छ । | | |

| निर्दिष्ट कार्य निर्देश | |
|---|---|
| ५ | **निर्दिष्ट कार्य संख्या : ४**<br>**निर्दिष्ट कार्य शिर्षक : वेल्ट** (belt) **तयार गर्ने ।** **पद: सहायक छाला वस्तू टेक्निसियन, तह -२** |
| ६ | **<u>निर्दिष्ट कार्याशंहरु :</u>**<br><br>४.१ डिजाईन र निर्देशन प्रापत गर्ने ।<br>४.२ उपयूक्त अनूसारको आवश्यक सामाग्रीहरु छनौट गरी तयार गर्ने ।<br>४.३ डिजाईन र नाप अनूसारको प्यार्टन बनाउने ।<br>४.४ छालामा एकदम सिधा(straight line) मिलाएर प्यार्टन चिन्ह लगाई एक तह काट्ने ।<br>४.५ दोश्रो तह कटिङ्ग गर्नू अगाडी, पहिलो तहलाई ग्लू लगाई मिलाएर अर्को छालामा टास्ने ।<br>४.६ कटिङ्ग लाइन र वेल्टको नाप मिल्ने गरी छालाको दोश्रो तह पनि काट्ने ।<br>४.७ सिलाई भाग (stich margin) मिल्ने गरी सिलाउने ।<br>४.८ बकल जोड्ने ।<br>४.९ पालिस लागई फिनिसिङ्ग गर्ने । |

| | निर्दिष्ट कार्य निर्देश |
|---|---|
| ७ | **निर्दिष्ट कार्य सम्पादनका लागि आवश्यक सामाग्रीहरु :**<br><br>क) निर्देशन र नाप ।<br>ख) प्यार्टन पेपर, पेन्सिल, लामो स्केल, पेपर कटर ।<br>ग) छाला,बकल, ग्लू,धागो ।<br>घ) सिउने मेसिन,सियो, पंचर मुंग्रो (Hammer)<br>च) कटिङ्ग, टेबल, स्टूल कटिङ्ग सिट । |
| ८ | **निर्दिष्ट कार्य सम्पादन स्तर :**<br><br>• तयार गर्नूपर्ने नाप र निर्देशन प्राप्त गरेको ।<br>• नमूना बनाउनको लागि आवश्यक ाीमानहरु तयार गरेको ।<br>• छालामा सिधा लाइन मिल्ने गरी काटेको ।<br>• पेटीको दूबै तह सूल्टो पारेर मिलाई टांसेको ।<br>• सिलाई भाग (seam margin) बराबर मिलेको ।<br>• बक्कल जडान सफासंग गरेको । |

| ९ | १० | निर्दिष्ट कार्य तालीम आधार सामाग्रीहरु | | | |
|---|---|---|---|---|---|
| नि.का. संख्या | नि.का. संख्या | प्राविधिक ज्ञान | व्यावहारिक परिकलन | रेखात्मक ज्ञान | सूरक्षा तथा स्वस्थ्य वृत |
| ४. | १. | स्टाण्र्डड नापको ज्ञान । | पेटीको लागि उपयूक्त छाला छनौट गर्ने ज्ञान | | |
| | २. | Edge finishing (किनारको तयारी) गर्ने ज्ञान | खूला किनारा (open edge) वा दोबारेको किनारा (Folding edge) छूट्याउने ज्ञान । | | |
| | ३. | वेल्टमा आवश्यक प्वाल बनाउने ज्ञान । | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | निर्दिष्ट कार्य सम्पादन परीक्षण (सीप मुल्याकंन) | | |
|---|---|---|---|
| ११ | निर्दिष्ट कार्य शीर्षक : वेल्ट तयार गर्ने ।<br>निर्दिष्ट कार्य संख्या : ४ | | परीक्षण स्थान :<br>उम्मेदवारको नाम :<br>मुल्याकंनकर्ताको नाम : |
| १२ | परीक्षण कारक तत्व तथा दफाहरु | स्तर कायम भएको | स्तरकायम नभएको (टिप्पणी गर्ने) |
| | <u>के उम्मेदवारले ?</u><br>४.१ डिजाईन र निर्देशन प्राप्त गरे ।<br>४.२ वेल्ट बनाउन आवश्यक सामानहरुको छनौट गरे ।<br>४.३ सिधा लाईन मिल्ने गरी छाला काटेको छ ।<br>४.४ दूबै तह बराबरी मिल्ने गरी छाला टांसेको छ ।<br>४.५ वेल्टमा बकलको लागि बनाएको प्वाल नाप अनूसार मिल्छ । | | |

| निर्दिष्ट कार्य निर्देश | |
|---|---|
| ५ | **निर्दिष्ट कार्य संख्या : ५**<br>**निर्दिष्ट कार्य शिर्षक : कि केश तयार पार्ने ।** **पद: सहायक छाला वस्तू टेक्निसियन, तह -२** |
| ६ | **निर्दिष्ट कार्याशंहरु :**<br><br>५.१ डिजाईन सहितको मौखिक तथा लिखित निर्देशन प्राप्त गर्ने ।<br>५.२ उपर्यूक्त अनूसारको सामाग्रीहरु तथा कच्चा पदार्थहरु छनौट गरी तथार गर्ने ।<br>५.३ दिईएको डिजाईन र नाप अनूसार Master pattern तयार गर्ने ।<br>५.४ Master pattern अनूसार Cutting Pattern तयार गर्ने ।<br>५.५ Cutting pattern को सहायताबाट छाला लाईनिङ, कपडा तथा अन्य कच्चा पदार्थमा चिन्ह लगाउने ।<br>५.६ चिन्ह लगाएको ठाउंमा चक्कू वा कैचीको सहायताबाट छाला तथा कपडा काट्ने ।<br>५.७ आवश्यक मोटाई छनौट गरी स्लिटिङ्ग वा स्काइभिङ्ग गर्ने ।<br>५.८ आवश्यकता अनूसार छालाको भित्री भाग (back side) मा मार्किङ गर्ने ।<br>५.९ लाइनिङ टांसी दोबार्ने र दोबारेको ठाउंमा सिलाई गर्ने।<br>५.१० भित्री भागहरुलाई (inner components) मूख्य भागले (main body) दोबारी सिलाई गर्ने ।<br>५.११ अनावश्यक धागो, छाला तथा अन्य वस्तूलाई ट्रिम गर्ने ।<br>५.१२ ट्रिम गरेको ठांउमा रंग तथा पालिस लगाउने ।<br>५.१३ Key holder राख्नको लागि बिचको भागमा (centre piece) प्वाल पार्ने ।<br>५.१४ रिविट ठोकेर key holder जडान गर्ने ।<br>५.१५ प्रेस बटन(press button) ठोकेर कि केश पुरा (complete) गर्ने ।<br>५.१६ पालिस लगाई finishing गर्ने । |

| | निर्दिष्ट कार्य निर्देश |
|---|---|
| ७ | **<u>निर्दिष्ट कार्य सम्पादनका लागि आवश्यक सामाग्रीहरु :</u>**<br><br>क) स्टेशनरी : पेन्सिल, ज्यामितिय औजार, इरेजर, प्यार्टन पेपर, लेदर मार्कर, ग्लू, ब्रुस, पेन्सिल कटर, स्टील स्केल आदि<br>ख) मेशिन तथा औजारहरु : सिलाई मेशिन, कैची, लेदरकटर नाईफ, फोल्डिगं वोन, हाते बांक, पोइन्टर, पीन, वटनडाइ, पंचडाई, ह्यामर, शू ब्रूस ।<br>ग) फर्निचर : टेबूल, स्टूल, कटिङ्ग सीट आदि ।<br>घ) कच्चा पदार्थहरु : छाला , कपडा, धागो, एडेहसिभ, सूलोसन, रंग, पालिस । |
| ८ | **<u>निर्दिष्ट कार्य सम्पादन स्तर :</u>**<br><br>• बनाउने सामानको डिजाइन सहित नाप निर्देशन प्राप्त गरिएको ।<br>• आवश्यक सामाग्री तथा कच्चा पदार्थहरुको छनौट गरिएको ।<br>• डिजाईन र नाप अनूसार Master pattern तयार गरिएको ।<br>• Master pattern बमोजिम कटिङ्ग प्यार्टन Cutting pattern तयार गरिएको ।<br>• Cutting pattern को सहायताबाट छाला, कपडा तथा सहायक कच्चा पदार्थहरुमा मार्किङ्ग गरिएको ।<br>• मार्किङ्ग अनूसार छाला लाईनिङ्ग, कपडा तथा अन्य सहायक वस्तूहरु काटेको ।<br>• आवश्यक अनूसार छाला स्प्लिटिङ्ग तथा स्काइभिङ्ग गरेको ।<br>• स्काइभिङ्ग गरेको ठाउंहरुमा दोबार्नको लागि ग्लू लगाईएको ।<br>• दोबार्नू पर्ने ठाउंमा दोबारी सिलाई गरिएको र अनावश्यक धागो ट्रिम गरेको ।<br>• ट्रिम गरेको आवश्यक ठाउंमा रंग तथा पालिस लगाई फिनिसिङ्ग गरिएको ।<br>• तयारी वस्तूमा लेवल राखी प्याकिङ्ग गरिएको । |

| ९ | १० | निर्दिष्ट कार्य तालीम आधार सामाग्रीहरु | | | |
|---|---|---|---|---|---|
| नि.का. संख्या | नि.का. संख्या | प्राविधिक ज्ञान | व्यावहारिक परिकलन | रेखात्मक ज्ञान | सूरक्षा तथा स्वस्थ्य वृत |
| ५. | १. | दिइएको डिजाइन सहितको निर्देशन बूझ्न सक्ने । | डिजाइन अनूसार नाप लिन सक्ने भई तिनको कार्यान्वयन गर्ने ज्ञान । | | |
| | २. | आवश्यक औजार तथा सामानहरुको छनौट गर्ने ज्ञान । | | | |
| | ३. | डिजाईन अनूसार दिएको नापको आधारमा Master pattern | | | |
| | ४. | Master pattern को सहायता छाला तथा लाईनिङ्ग कपडामा मार्किङ्ग गर्ने र काट्ने । | | | |
| | ५. | Cutting pattern को सहायता छाला तथा लाईनिङ्ग कपडामा मार्किङ्ग गर्ने र काट्ने । | | | |
| | ६. | आवशयक मोटाई अनूसार स्प्लिटिङ्ग तथा स्काइभिङ्ग गर्ने । | | | |
| | ७. | विभिन्न भागहरु दोबारी सिलाई गर्ने । | | | |
| | ८. | विभिन्न भागहरु जोडी अन्तिम सिलाई गर्ने । | | | |
| | ९. | ट्रिम गरी मिल्ने रंग लगाउने । | | | |
| | १०. | Key holder र press button सही तरीकाले लगाउने । | | | |

| | | | |
|---|---|---|---|
| | **निर्दिष्ट कार्य सम्पादन परीक्षण (सीप मुल्याकंन)** | | |
| **११** | **निर्दिष्ट कार्य शीर्षक : कि केश तयार पार्ने ।**<br>**निर्दिष्ट कार्य संख्या : ५** | | **परीक्षण स्थान :**<br>**उम्मेदवारको नाम :**<br>**मुल्याकंनकर्ताको नाम :** |
| **१२** | **परीक्षण कारक तत्व तथा दफाहरु** | **स्तर कायम भएको** | **स्तरकायम नभएको (टिप्पणी गर्ने)** |
| | <u>के उम्मेदवारले ?</u><br>५.१ डिजाइन नाप र निर्देशन प्राप्त गरे ।<br>५.२ आवश्यक सामानहरु छनौट गरे ।<br>५.३ डिजाईन अनूसार Master pattern तयार गरे ।<br>५.४ Master pattern को सहायताबाट cutting pattern निकाले ।<br>५.५ Cutting pattern को सहायताबाट छाला तथा लाइनिङ कपडामा चिन्ह लगाए ।<br>५.६ चिन्ह अनूसार कटिङ्ग गरे ।<br>५.७ आवश्यकता अनूसार स्प्लिटिङ्ग तथा स्काइभिङ्ग गरे ।<br>५.८ फोल्डिङ्गको लागि चिन्ह लगाए ।<br>५.९ आवश्यक ठाउंमा दोबारे ।<br>५.१० विभिन्न भागहरु सही तवरले Assemble गरे ।<br>५.११ अन्तिम सिलाईलाई सही तवरबाट सिलाए ।<br>५.१२ छाला तथा धागो सही तरीकाबाट ट्रिम गरे ।<br>५.१३ सिलाई सकेपछि मेशिन बन्द तथा सफा गरी छोपे ।<br>५.१४ आवश्यक ठाउंमा रंग तथा पालिस लगाई फिनिसिङ्ग गरे ।<br>५.१५ तयार भएको कि केश प्याकिङ्ग गरी सूरक्षिततपूर्वक राखे । | | |

| निर्दिष्ट कार्य निर्देश | |
|---|---|
| ५ | **निर्दिष्ट कार्य संख्या : ६**<br>**निर्दिष्ट कार्य शिर्षक : कार्ड होल्डर** (Card Holder)**तयार गर्ने ।** **पद: सहायक छाला वस्तू टेक्निसियन, तह -२** |
| ६ | <u>**निर्दिष्ट कार्याशंहरु :**</u><br><br>६.१ डिजाईन तथा नाप सहितको निर्देशन प्राप्त गर्ने ।<br>६.२ उपर्यूक्त डिजाईन अनूसारको सामाग्रीहरु छनौट गरी तयार गर्ने ।<br>६.३ डिजाईन अनूसारको मूख्य प्यार्टन (Master pattern) तयार गर्ने ।<br>६.४ मूख्य प्यार्टन(Master pattern) को सहायता बाट Cutting pattern बनाउने ।<br>६.५ कटिङ्ग प्यार्टनको सहायताबाट छाला तथा लाइनिङ कपडामा चिन्ह लगाउने ।<br>६.६ चिन्ह लगाएको ठाउंमा चक्कू तथा कैचींको सहायताबाट छाला तथा कपडा काट्ने ।<br>६.७ सहायक कच्चा पदार्थहरु पनि कटिङ्ग गर्ने ।<br>६.८ आवश्यकता अनूसार स्प्लिटिङ्ग तथा स्काइमिङ्ग गर्ने ।<br>६.९ छालाको भित्री भागहरुमा माकिङ्ग गर्ने ।<br>६.१० सिलाई भाग (seam allowance) मा ग्लू लगार्य दोबार्ने ।<br>६.११ दोबारेको ठाउंमा सिलाई गर्ने तथा आवश्यक ठाउंमा ट्रिम गर्ने र धागो गाठो पारी काट्ने पोल्ने ।<br>६.१२ ठीक भए नभएको सेट स्क्वायरको सहायताले जांच गर्ने ।<br>६.१३ आवश्यक ठाउंमा रंग तथा पालिस लगाई फिनिसिङ्ग गर्नै ।<br>६.१४ तयारी card holder सूरक्षितसाथ प्याकिङ्ग गर्ने । |

| | निर्दिष्ट कार्य निर्देश |
|---|---|
| ७ | **निर्दिष्ट कार्य सम्पादनका लागि आवश्यक सामाग्रीहरु :**<br><br>क) स्टेशनरी : पेन्सिल, ज्यामितिय औजार, इरेजर, प्यार्टन पेपर, लेदर मार्कर, ग्लू, ब्रुस, पेन्सिल कटर, स्टील स्केल आदि<br>ख) मेशिन तथा औजारहरु : सिलाई मेशिन, कैची, लेदरकटर नाईफ, फोल्डिगं वोन, हाते बांक, पोइन्टर, पीन, वटनडाइ, ह्यामर, सि.सी, बत्ती,सलाई, ठूलो ब्रूस ।<br>ग) फर्निचर : कटिङ्ग टेबूल, वस्ने स्टूल, कटिङ्ग बोर्ड ।<br>घ) कच्चा पदार्थहरु : छाला, कपडा, एडेहसिभ, कच्चा सूलोसन, धागो, रंग, पालिस आदि । |
| ८ | **निर्दिष्ट कार्य सम्पादन स्तर :**<br><br>• दिइएको नापमा डिजाइन अनूसार मूख्य तथा सहायक प्यार्टनहरु तयार गरेको ।<br>• आवश्यक कच्चा पदार्थहरुको छनौट गरिएको ।<br>• कटिङ्ग प्यार्टनको सहायताबाट छाला तथा लाइनिङ कपडामा मार्किङ्ग गरी काटेको ।<br>• आवश्यकता अनूसार छाला स्प्लिटिङ्ग तथा स्काइभिङ्ग गरिएको ।<br>• सिलाई भाग दोबारी सिलाई गरेको र अनावश्यक धागो तथा छाला ट्रिम गरिएको ।<br>• ट्रिम गरेको ठाउंमा रंग, पालिस आदि लगाई फिनिसिङ्ग गरिएको ।<br>• तयारी वस्तू सूरक्षितपूर्वक प्याकिङ्ग गरिएको । |

| ९ | १० | निर्दिष्ट कार्य तालीम आधार सामाग्रीहरु | | | |
|---|---|---|---|---|---|
| नि.का. संख्या | नि.का. संख्या | प्राविधिक ज्ञान | व्यावहारिक परिकलन | रेखात्मक ज्ञान | सूरक्षा तथा स्वस्थ्य वृत |
| ६. | १. | दिइएको डिजाइन तथा निर्देशन बूझ्न सक्ने | डिजाईन हेरेर नाप ठीक छ छैन निर्धारण गर्न सक्ने । | रेखात्मक भित्री भाग देखाउन सक्ने । | |
| | २. | आवश्यक अनूसार Master pattern तथार गर्ने | | | |
| | ३. | डिजाइन अनूसार Master pattern तयार गर्ने | डिजाईनसंग मिल्ने गरी Master pattern बनाउने | | |
| | ४. | Naster pattern को सहायताबाट cutting pattern बनाउने । | Workingn pattern प्रयोगमा ल्याउने ज्ञान । | | |
| | ५. | Cuttingn pattern को सहायताबाट छाला तथा लाइनिङ कपडामा चिन्ह लगाई काट्ने | चिन्ह लगाउने तरिका कटिङ्ग गर्ने ज्ञान । | | कटिङ्ग गर्दा चिन्ह भन्दा बाहिर जान नहूने । |
| | ६. | आवश्यकता अनूसार स्पिलटीङ्ग तथा स्काइभिङ्ग गर्ने । | आवश्यक मेसिन चलाउने तरिका सम्बन्धी ज्ञान भएको । | | आवश्यक मोटाईको छनौट । |
| | ७. | सिलाई भागहरु दोबारी सिलाई गर्ने । | दोबार्ने ज्ञान, सिलाई गर्ने ज्ञान । | | सियोको धागो टांक आदिको सही छनौट । |
| | ८. | विभिन्न भागहरु Assemble गरी अन्तिम सिलाई गर्ने ज्ञान । | | | |
| | ९. | ट्रिमिङ गर्ने ज्ञान । | | | |
| | | | | | |

| | निर्दिष्ट कार्य सम्पादन परीक्षण (सीप मुल्याकंन) | | |
|---|---|---|---|
| ११ | निर्दिष्ट कार्य शीर्षक : कार्ड होल्डर तयार पार्ने ।<br>निर्दिष्ट कार्य संख्या : ६ | | परीक्षण स्थान :<br>उम्मेदवारको नाम :<br>मुल्याकंनकर्ताको नाम : |
| १२ | परीक्षण कारक तत्व तथा दफाहरु | स्तर कायम भएको | स्तरकायम नभएको (टिप्पणी गर्ने) |
| | <u>के उम्मेदवारले ?</u><br>६.१ डिजाईन र निर्देशन प्राप्त गरे ।<br>६.२ आवश्यक सामानहरुको छनौट गरे ।<br>६.३ दिइएको नाप अनुसार Master pattern तयार गरे ।<br>६.४ Master pattern बाट कटिङ्ग प्यार्टन तयार गरे ।<br>६.५ छाला तथा लाइनिङ कपडामा चिन्ह लगाए ।<br>६.६. चिन्ह अनुसार कटिङ्ग गरे ।<br>६.७ आवश्यकता अनुसार स्प्लिटिङ्ग तथा स्काइभिङ्ग गरे।<br>६.८ सिधा लाइन मिल्ने गरी फोल्डिङ्ग गरे ।<br>६.९ फोल्डिङ्ग गरेको ठाउंमा सिलाई भाग बराबर हूने गरी सिलाए<br>६.१० विभिन्न भित्री भाग (Inner components) हरु सही तरीकाले Assemble गरे ।<br>६.११ अन्तिम सिलाई सही तरिकाबाट सिलाए ।<br>६.१२ छाला तथा धागो सही तरिकाबाट ट्रिम गरे ।<br>६.१३ सिलाई सकेपछि मेसिन बन्द गरे ।<br>६.१४ आवश्यक ठाउंमा रंग तथा पालिस लागई फिनिसिङ्ग गरे ।<br>६.१५ पुर्णरुपले तयार भैसकेको कार्ड होलडर प्याकिङ्ग गरी सूरषित ठाउंमा राखे । | | |

| निर्दिष्ट कार्य निर्देश | |
|---|---|
| ५ | **निर्दिष्ट कार्य संख्या : ७**<br>**निर्दिष्ट कार्य शिर्षक : क्वाइन पर्स तयार गर्ने ।** **पद: सहायक छाला वस्तू टेक्निसियन, तह -२** |
| ६ | **<u>निर्दिष्ट कार्याशंहरु :</u>**<br><br>७.१ दिईइको डिजाइन सहितको निर्देशन प्राप्त गर्ने ।<br>७.२ उपयूक्त अनूसारको छाला लाइनिङ कपडा तथा अन्य सामाग्रीहरु छनौट गर्ने ।<br>७.३ डिजाइनसंग दिइएको नापबाट मास्टर प्यार्टन बनाउने ।<br>७.४ मास्टर प्यार्टनको सहायताबाट कटिङ्ग प्यार्टन बनाउने ।<br>७.५ कटिङ्ग प्यार्टन अनूसार छाला लाइनिङकपडा तथा अन्य सहायक कच्चा पदार्थहरुमा चिन्ह लगाउने ।<br>७.६ चिन्ह अनूसार छाला, कपडा तथा अन्य कच्चा पदार्थहरु कटिङ्ग गर्ने ।<br>७.७ आवशयक मोटाई छनौट गरी स्प्लिटिङ्ग तथा स्काभिङ्ग गर्ने ।<br>७.८ छालाको भित्री भागमा मार्किङ्ग गर्ने ।<br>७.९ Flap मा र अगाडीको पाटामा प्रेस वटन ठोकी लाइनिङ्ग टांसेर सिलाउने ।<br>७.१० छाला दोबार्नू पर्ने भागमा दोबार्ने तथा अगाडीको भाग (Front piece) गजेट(gusset) र मूख्य भाग (ain body) जोडेर सिलाउेन ।<br>७.११ अन्तिम सिलार्य (Final stitching) गर्दा अनावश्यक रुपमा निस्केको छालालाई ट्रिम गर्ने र धागोलाई गाठो पारी पोल्ने ।<br>७.१२ आवश्यकता अनूसार रंग तथा पालिस गर्ने ।<br>७.१३ तयारी क्वाइन पर्स सूरक्षित साथ प्याकिङ्ग गर्ने । |

| | निर्दिष्ट कार्य निर्देश |
|---|---|
| ७ | **निर्दिष्ट कार्य सम्पादनका लागि आवश्यक सामाग्रीहरु :**<br><br>क) स्टेशनरी : डिजाइन पुस्तिका, फूलस्केप पेपर, कार्डवोर्ड पेपर, फाइवरवोर्ड पेन्सील। स्केल, इरेजेर, सेटस्क्वायर, लेदर मार्कर, टेलर, चक, मेजरिङ्ग टेप, ब्रूस, सि.सी. ज्यामितिय औजारहरु, पेन्सिल कटर आदि ।<br>ख) मेशिन तथा औजारहरु : सिलाई मेशिन, कैची, लेदरकटर नाईफ, फोल्डिगं वोन, हाते बांक, पोइन्टर, पीन, वटनडाइ, पंच डाई ह्यामर,सियो बत्ती आदि ।<br>ग) फर्निचर : टेबूल वस्ने स्टूल, कटिङ्ग बोर्ड, रबर सीट ।<br>घ) कच्चा पदार्थहरु : छाला, कपडा, एडेहसिभ, फोम धागो, पालिस, प्रेस वटन, रंग आदि । |
| ८ | **निर्दिष्ट कार्य सम्पादन स्तर :**<br><br>• दिइएको डिजाइन सहतिको निर्देशन प्राप्त गरेको ।<br>• आवश्यक कच्चा पदार्थ तथा सामाग्रीहरुको छनौट गरिएको ।<br>• डिजाईन अनूसार नापबाट Master Pattern र cutting pattern हरु तयार गरिएको ।<br>• प्यार्टनमा दोबार्नु पर्ने भागमा दोबार्ने भाग राखेको र सिलाई गर्नु पर्ने भागमा सिलाईको भाग राखे ।<br>• प्याटन अनूसार छाला तथा लाइनिङ कपडामा चिन्ह लगाई सूरक्षितपूर्वक काटिएको ।<br>• आवश्यकता अनूसार(हाते बांकद्वारा) स्काइभिङ्ग गरिएको ।<br>• छालाको भित्री भागमा चिन्ह लगाई लाइनिङ (कपडा) टासेर दोबारेको ।<br>• सबै भाग जोडेर ०.२ देखि ०.३ से.मी. सम्ममा सिलाई गरेको ।<br>• सिलाई गर्दा अनावश्यक निस्किएको धागो गांठो पारी पोलेको ।<br>• पोलेको ठाउंम रंग तथा पालिस लगाई फिनिसिङ्ग गरेको ।<br>• तयारी क्वाइन पर्स प्याकिङ्ग गरी सूरक्षितपूर्वक राखिएको । |

| ९ | १० | निर्दिष्ट कार्य तालीम आधार सामाग्रीहरु | | | |
|---|---|---|---|---|---|
| नि.का. संख्या | नि.का. संख्या | प्राविधिक ज्ञान | व्यावहारिक परिकलन | रेखात्मक ज्ञान | सूरक्षा तथा स्वस्थ्य वृत |
| ७. | १. | डिजाइन सहितको निर्देशन लिने र बूझ्ने। | नापहरु लिने ज्ञान । | नक्सा उतार्ने ज्ञान । | |
| | २. | आवश्यक सामान र औजारहरुको छनौट गर्ने ज्ञान । | सम्बन्धित औजार तथा कच्चा पदार्थ सम्बन्धी ज्ञान । | | |
| | ३. | डिजाइन अनूसार Master pattern तयार गर्ने | Master pattern मा भित्री भागहरु देखाउने ज्ञान । | | |
| | ४. | Master pattern को सहायताबाट cutting pattrn बनाउने । | Cutting pattern बनाउने तरिका । | Cutting pattern मा दोबार्ने तथा सिलाई भाग रेखा खिची देखाउने । | |
| | ५. | Cutting pattern को सहायताबाट छाला लाइनिङ कपडा तथा अन्य आवश्यक कच्चा पदार्थहरुमा चिन्ह लगाउने । | छाला तथा लाइनिङ कपडामा चिन्ह लगाउने तरिका । | छाला तथा कपडामा मार्किङ्ग गर्ने | |
| | ६. | चिन्ह अनूसार कटिङ्ग गर्ने ज्ञान । | काट्ने तरिका । | | कटिङ्ग गर्दा होशियारीपुर्वक काट्ने । |
| | ७. | आवश्यकता अनूसार स्प्लिटिङ्ग तथा स्काइभिङ्ग सम्बन्धी ज्ञान । | | | |
| | ८. | विभिन्न भागहरु दोबार, सिलाई गर्ने । | दोबार्ने ज्ञान, सिलाई गर्ने ज्ञान । | | |
| | ९. | विभिन्न भागहरु Assemble गरी अन्तिम सिलाई गने ज्ञान । | | | |
| | १०. | ट्रिमिङ्ग गर्ने ज्ञान । | ट्रिम गर्दा एक तह मात्र काट्नू पर्ने । | | |
| | ११. | ट्रिम गरिएको ठाउंमा रंग तथा पालिस लगाउने । | | | |

| | निर्दिष्ट कार्य सम्पादन परीक्षण (सीप मुल्याकंन) | | |
|---|---|---|---|
| ११ | निर्दिष्ट कार्य शीर्षक : क्वाइन पर्स तयार पार्ने ।<br>निर्दिष्ट कार्य संख्या : ७ | | परीक्षण स्थान :<br>उम्मेदवारको नाम :<br>मुल्याकंनकर्ताको नाम : |
| १२ | परीक्षण कारक तत्व तथा दफाहरु | स्तर कायम भएको | स्तरकायम नभएको (टिप्पणी गर्ने) |
| | <u>के उम्मेदवारले ?</u><br>७.१ डिजाइन सहित निर्देशन प्राप्त गरे ।<br>७.२ आवश्यक कच्चा पदार्थहरुको छनौट गरे ।<br>७.३ दिइएको डिजाइन बमोजिम नाप मिल्नेगरी Master pattern तयार गरे ।<br>७.४ Master pattern को सहायताबाट कटिङ्ग प्यार्टन तथा निकाले ।<br>७.५ छाला तथा लाइनिङ (कपडा) मा चिन्ह लगाए ।<br>७.६ छाला तथा कपडा र अन्य कच्चा पदार्थहरु सूरषित पूर्वक काटे ।<br>७.७ आवश्यकता अनूसार मोटाई राखी छाला स्प्लिटिङ्ग तथा स्कइभिङ्ग गरे ।<br>७.८ सही तरिकाबाट फोल्डिगं तथा स्टिचिङ्ग गरे ।<br>७.९. प्रेस वटन ठीकसंग जडान गरे ।<br>७.१० अन्तिम सिलाई ०.२ देखि ०.३ cm सम्मा सिलाए ।<br>७.११ सिलाइ पछि छाला तथा धागो ट्रिम गरे ।<br>७.१२ आवश्यक ठाउंमा रंग तथा पालिस लगाई फिनिसिङ्ग गरे ।<br>७.१३ तयार भएको क्वाईन पर्स सूरक्षितपुर्वक प्याकिङ्ग गरी राखे । | | |

| निर्दिष्ट कार्य निर्देश | |
|---|---|
| ५ | निर्दिष्ट कार्य संख्या : ८<br>निर्दिष्ट कार्य शिर्षक : वालेट तयार पार्ने ।  पद: सहायक छाला वस्तू टेक्निसियन, तह -२ |
| ६ | <u>निर्दिष्ट कार्याशंहरु :</u><br><br>८.१ डिजाईन सहितको निर्देशन प्राप्त गर्ने ।<br>८.२ उपर्यूक्त अनूसारको सामाग्रीहरु छनौट गरी तयार गर्नै ।<br>८.३ डिजाइन र नाप अनूसारको Master pattern तयार पार्ने ।<br>८.४ Master pattern को सहायताबाट cutting pattern बनाउने ।<br>८.५ Cutting pattern को सहायताबाट छाला लाइननिङ कपडा तथा अन्य सहायक कच्चा पदार्थहरुमा चिन्ह लगाई कटिङ्ग गर्ने ।<br>८.६ आवश्यक मोटाई छनौट गरी स्प्लिटिङ्ग तथा स्काइभिङ्ग गर्ने ।<br>८.७ छालाको भित्री भागहरुमा दोबार्न तथा कपडा टांस्नको लागि मार्किङ्ग गर्ने ।<br>८.८ मूख्य भाग (Main body) सहित visiting card, Identity card holder हरु तयार गर्ने ।<br>८.९ विभिन्न भागहरु Assemble गरी मूख्य भाग (Main body) ले दोबारी सेट स्क्वायरले ठीक छ या छैन भनी जांच गर्ने ।<br>८.१० मूख्य भागमा ०.१ देखि ०.२ cm मा अन्तिम सिलाई गर्ने ।<br>८.११ सिलाई साकेपछि धागोहरु गांठो पार्ने र पोल्ने ।<br>८.१२ दोबारेको छाला बराबर नाप मिल्ने गरी ट्रिम गर्ने ।<br>८.१३ ट्रिम गरेको ठाउंमा रंग तथा पालिस लगाई अन्तिम फिनिसिङ्ग दिने ।<br>८.१४ तयारी वालेट सूरक्षितपुर्वक प्याकिङ्ग गर्ने । |

| | निर्दिष्ट कार्य निर्देश |
|---|---|
| ७ | **निर्दिष्ट कार्य सम्पादनका लागि आवश्यक सामाग्रीहरु :**<br><br>क) स्टेशनरी : डिजाइन पुस्तिका, कार्डवोर्ड पेपर, फाइवरवोर्ड, पेन्सील, इरेजेर, ज्यामितिय औजारहरु, प्यार्टन पेपर, बक्स बोर्ड, ग्लू ब्रुस, पेन्सिल कटर, स्टील स्केल, खाग्सी, लेदर, मार्कर,टेलर चक ।<br>ख) मेशिन तथा औजारहरु : सिलाई मेशिन, कैची, लेदर कटर नाईफ, हाते बांक, पोइन्टर पीन, फोल्डिङ्ग बोन, ह्याम्मर, सी.सी, आवश्यकता अनूसार स्पिलटिङ्ग मेसिन र स्काइभिङ्ग मेशिन पनि प्रयोग गर्न सकिन्छ ।<br>ग) फर्निचर : टेबूल, स्टूल, कटिङ्ग बोर्ड, रबर सीट ।<br>घ) कच्चा पदार्थहरु : छाला, लाइनिङ कपडा, एडेहसिभ, सूलोसन, धागो, रंग, पालिस, प्लाष्टिक, सलाई, मैन बत्ती ।<br><br>। |
| ८ | **निर्दिष्ट कार्य सम्पादन स्तर :**<br><br>• डिजाइन सहितको निर्देशन प्राप्त गरेको ।<br>• आवश्यक कच्चा पदार्थहरु छनौट गरिएको ।<br>• डिजाइन र नाप बमोजिम मास्टर प्याटर्न तयार पारेको ।<br>• Master pattern बमोजिम cutting patten तयार पारिएको ।<br>• Cutting pattern को सहायताबाट छाला तथा लाइनिङ कपडामा मार्किङ्ग गरिएको ।<br>• मार्किङ्ग बमोजिम सही तरिकाले कच्चा पदार्थहरु काटेको ।<br>• आवश्यकता अनूसार छाला स्पिलटिङ्ग तथा स्काइभिङ्ग गरिएको ।<br>• छालाको भित्री भागहरुमा सही तरिकाले एडहेसिभ वा सूलोसन राखेर फोल्डिङ्ग गरी सिलाइको ।<br>• क्रमबद्ध तरिकाले विभिन्न भागहरु Assemble गरिएको ।<br>• मूख्य भागमा Assemble गरिएको भाग राखी दोबारेको ।<br>• अन्तिम सिलाई ०.१ देखि ०.२ क्र सम्ममा सूरक्षितपूर्वक गरिएको ।<br>• अनावश्यक छाला ट्रिम गरिएको वा अनावश्यक धागो गांठो पारी पोलेको ।<br>• आवश्यक ठाउंमा रंग, पालिस आदि लगाई फिनिसिङ्ग गरिएको ।<br>• तयारी वस्तू सूरक्षितपूर्वक प्याकिङ्ग गरिएको । |

| ९ | १० | निर्दिष्ट कार्य तालीम आधार सामाग्रीहरु | | | |
|---|---|---|---|---|---|
| नि.का. संख्या | नि.का. संख्या | प्राविधिक ज्ञान | व्यावहारिक परिकलन | रेखात्मक ज्ञान | सूरक्षा तथा स्वस्थ्य वृत |
| ८. | १. | डिजाइन सहितको निर्देशन लिने र बूझ्ने। | डिजाईन र नापको अनूपात । | | |
| | २. | आवश्यक सामान र औजारहरुको छनौट गर्ने ज्ञान । | | | |
| | ३. | डिजाइन अनूसार Master pattern तयार गर्ने । | Master pattern मा भित्री भाग देखाउने तथा सिलाई भाग देखाउने । | Master pattern मा विभिन्न भित्री भागहरुको रेखा खिच्ने । | |
| | ४. | Master pattern को सहायताबाट cutting pattern बनाउने । | | | |
| | ५. | Cutting pattern को सहायताबाट छाला लाइनिङ कपडा तथा अन्य आवश्यक कच्चा पदार्थहरुमा चिन्ह लगाउने । | छाला तथा कपडामा चिन्ह लगाउने तरिका । | छाला तथा कपडामा चिन्ह लगाउने ज्ञान । | जथाभावी चिन्ह लगाउन नहूने । |
| | ६. | चिन्ह अनूसार कटिङ्ग गर्ने ज्ञान । | काट्ने तरिका । स्प्लिटिङ्ग तथा स्काइभिङ्ग सम्बन्धी ज्ञान, आवश्यक औजार चलाउने तरिका सम्बन्धी ज्ञान । | | कटिङ्ग गर्दा विशेष ध्यान पूर्‍याउने । |
| | ७. | आवश्यकता अनूसार स्प्लिटिङ्ग तथा स्काइभिङ्ग गर्ने । | दोबार्ने ज्ञान, सिलाई गर्ने ज्ञान । | | आवश्यक मोटाईको छनौट । |
| | ८. | विभिन्न भागहरु दोबारी सिलाई गर्ने । | | | सियो, धागो, टांका, आदिको सही छनौट । |
| | ९. | V.Card, I.D. Card holder आदि भागहरु Assemble गरी अन्तिम सिलाई गर्ने ज्ञान । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | १०. | उत्पादन नविग्रने गरी ट्रिमिङ्ग गर्ने । | | | |
| | ११. | ट्रिम गरिएको ठांउमा रंग तथा पालिस लगाउने । | रंग तथा पालिस लगाउने ज्ञान । | | |
| | १२. | (Fininshing) पूर्ण तयारीको ज्ञान । | | | |

| | निर्दिष्ट कार्य सम्पादन परीक्षण (सीप मुल्याकंन) | | |
|---|---|---|---|
| ११ | निर्दिष्ट कार्य शीर्षक : वालेट तयार गर्ने ।<br>निर्दिष्ट कार्य संख्या : ८ | | परीक्षण स्थान :<br>उम्मेदवारको नाम :<br>मुल्याकंनकर्ताको नाम : |
| १२ | परीक्षण कारक तत्व तथा दफाहरु | स्तर कायम भएको | स्तरकायम नभएको (टिप्पणी गर्ने) |
| | <u>के उम्मेदवारले ?</u><br>८.१ डिजाइन बमोजिम निर्देशन प्राप्त गरे ।<br>८.२ आवश्यक औजार तथा कच्चा पदार्थहरुको छनौट गरे ।<br>८.३ दिइएको डिजाइन बमोजिम नाप check गरी Master pattern तयार गरे ।<br>८.४ Master pattern को सहायताबाट कटिङ्ग प्यार्टन निकाले ।<br>८.५ छाला तथा लाइनिङ कपडामा चिन्ह लगाए ।<br>८.६ छाला तथा लाइनिङकपडा वालेटको डिजाइन अनूसार स्तरीय र सूरक्षितपूर्वक काटे ।<br>८.७ आवश्यकता अनूसार मोटाई राखी छाला स्प्लिटिङ्ग तथा स्काइभिङ्ग गरे ।<br>८.८ सही तरिकाबाट फोल्डिङ्ग तथा स्टीचिङ्ग गरे ।<br>८.९ सिलाई गरेको धागो गांठो पारी पोले वा ट्रिम गरे ।<br>८.१० विभिन्न भागहरुलाई सही तवरले Assemble गरे ।<br>८.११ अन्तिम सिलाई छोड्नू पर्ने भाग छोडी सिलाए ।<br>८.१२ अनित्म सिलाई सकेपछि छाला तथा धागो ट्रिम गरे ।<br>८.१३ आवश्यक ठाउंमा रंग तथा पालिस लागई फिनिसिङ्ग गरे ।<br>८.१४ पूर्ण रुपले तयार भइसकेको वालेट ठीक छ या छैन भनी सेट स्क्वायरले चेक गरे ।<br>८.१५ तयार भएको वालेट प्याकिङ्ग गरी सूरक्षित ठाउंमा राखे । | | |

| निर्दिष्ट कार्य निर्देश | |
|---|---|
| ५ | **निर्दिष्ट कार्य संख्या : ९**<br>**निर्दिष्ट कार्य शिर्षक : पासपोर्ट केश/फोल्डर तयार पार्ने ।** **पद: सहायक छाला वस्तू टेक्निसियन, तह -२** |
| ६ | **<u>निर्दिष्ट कार्याशंहरु :</u>**<br><br>९.१ डिजाईन सहतिको निर्देशन प्राप्त गर्ने ।<br>९.२ उपर्यूक्त अनूसारको सामाग्रीहरु कच्चा पदार्थहरु छनौट गरी तयार गर्ने ।<br>९.३ दिईएको डिजाईन र नाप अनूसार Master pattern तयार पार्ने ।<br>९.४ Master pattern को सहायताबाट cutting pattern बनाउने ।<br>९.५ Cuttingn pattern को सहायताबाट छाला, लाइनिङ कपडा तथा अन्य कच्चा पदार्थहरुमा मार्किङ्ग गर्ने ।<br>९.६ मार्किङ्ग अनूसार (छाला काट्ने) छाला र अन्य कच्चा पदार्थहरु कटिङ्ग गर्ने ।<br>९.७ आवश्यक मोटाई छनौट गरी छाला स्प्लिटिङ्ग गर्ने ।<br>९.८ आवश्यकता अनूसार छालाको भित्री भागमा चिन्ह लगाई लाइनिङ टास्ने ।<br>९.९ भित्री सहायक भागहरुमा लाइनिङ टांसी छेउ दोबार्ने ।<br>९.१० दोबारेको भागमा आवश्यकता अनूसार सिलाई गर्ने ।<br>९.११ सम्पूर्ण सहायक भागहरुलाई मूख्य भाग संग Assemb;le गरी दोबार्ने र सिलाई गर्ने ।<br>९.१२ सिलाई सकेपछि छाला तथा धागो ट्रिम गर्ने ।<br>९.१३ ट्रिम गरेको ठाउंमा रंग, पालिस लगाई फिनिसिङ्ग गर्ने ।<br>९.१४ फिनिसिङ्ग गरेको वस्तू प्याकिङ्ग गरी सूरक्षितपूर्वक राख्ने । |

| | निर्दिष्ट कार्य निर्देश |
|---|---|
| ७ | **<u>निर्दिष्ट कार्य सम्पादनका लागि आवश्यक सामाग्रीहरु :</u>**<br><br>क) स्टेशनरी : पिन्सिल, ज्यामितिय औजार, इरेजर, प्यार्टन पेपर। पेन्सिल कटर, लेदर मार्कर, ग्लू ब्रूस, स्टील स्केल, टेलर चक आदि ।<br>ख) मेशिन तथा औजारहरु : सिलाई मेसिन, कैची, फोल्डिगं वोन, लेदर कटर, नाईफ, हाते बा.क, पोइन्ट पिन, हृयाम्मर, शू ब्रूस आदि<br>ग) फर्निचर : टेबूल, स्टूल, कटिङ्ग बोर्ड आदि ।<br>घ) कच्चा पदार्थहरु : छाला, लाइनिङ कपडा, धागो, एडेहसिभ, सूलोसन, रंग, पालिस, आदि ।<br><br>। |
| ८ | **<u>निर्दिष्ट कार्य सम्पादन स्तर :</u>**<br><br>• दिइएको डिजाइन अनूसार निर्देशन प्राप्त गरेको ।<br>• आवश्यक कच्चा पदार्थ तथा सामाग्रीहरुको छनौट गरिएको ।<br>• दिइएको नापमा डिजाइन अनूसार Master pattern तयार गरेको ।<br>• Master pattern को सहायताबाट cutting pattern तयार गरेको ।<br>• Cutting pattern को सहायताबाट छाला कपडा तथा कच्चा पदार्थहरुमा मार्किङ्ग गरिएको ।<br>• मार्किङ्ग अनूसार छाला तथा कपडा काटेको ।<br>• आवश्यक मोटाई अनूसार छाला स्प्लिटिङ्ग तथा स्काइभिङ्ग गरिएको ।<br>• आवश्यकता अनूसार छालाको भित्री भागमा मार्किङ्ग गरिएको ।<br>• मार्किङ्ग अनूसार छालाको भित्री भागमा लाइनिङ टासी छाला दोबारेको ।<br>• आवश्यकता अनूसार ठाउ छोडी सहायक भागहरुमा सिलाई गरिएको ।<br>• सम्पूर्ण भागहरु मूख्य भाग (Main body) संग Assemble गरी मूख्य भागले दोबारी सिलाई गरिएको ।<br>• अनावश्यक छाला तथा धागो ट्रिम गरिएको ।<br>• ट्रिम गरिएको ठाउंमा रंग तथा पालिस लगाई फिनिसिङ्ग गरिएको ।<br>• तयारी वस्तू प्याकिङ्ग गरी सूक्षितपूर्कक राखिएको । |

| ९ | १० | निर्दिष्ट कार्य तालीम आधार सामाग्रीहरु | | | |
|---|---|---|---|---|---|
| नि.का. संख्या | नि.का. संख्या | प्राविधिक ज्ञान | व्यावहारिक परिकलन | रेखात्मक ज्ञान | सूरक्षा तथा स्वस्थ्य वृत |
| ९. | १. | डिजाइन सहितको निर्देशन लिने र बूझ्ने। | नापहरु लिने ज्ञान । | नक्सा उतार्ने ज्ञान । | |
| | २. | आवश्यक सामान र औजारहरुको छनौट गर्ने ज्ञान । | सम्बन्धित औजार तथा कच्चा पदार्थ सम्बन्धी ज्ञान । | | |
| | ३. | दिइएको डिजाइन र नाप अनूसार Master pattern तयार गर्ने । | Master pattern मा भित्री भाग देखाउने सम्बन्धी ज्ञान | | |
| | ४. | Master pattern को सहायताबाट cutting pattern बनाउने । | Cutting pattern मा दोबार्ने तथा सिलाई गर्ने भाग सम्बन्धित ज्ञान । | | |
| | ५. | Cutting pattern को सहायताबाट छाला तथा कपडामा मार्किङ्ग गर्ने । | मार्किङ्ग गर्दा लेदर, मार्कर वा टेलर चकल गर्नू पर्ने । काट्ने तरिका । | | |
| | ६. | चिन्ह अनूसार कटिङ्ग गर्ने ज्ञान । | काट्ने तरिका । | | |
| | ७. | आवश्यकता अनूसार स्प्लिटिङ्ग तथा स्काइभिङ्ग गर्ने । | स्प्लिटिङ्ग तथा स्काइभिङ्ग सम्बन्धित ज्ञान । | | |
| | ८. | विभिन्न भागहरु दोबारी सिलाई गर्ने । | दोबार्ने ज्ञान सिलाई गर्ने ज्ञान । | | |
| | ९. | विभिन्न भागहरु Assemble गरी ०.१ देखि ०.२ cm मा अन्तिम सिलाई गर्ने ज्ञान । | कून भाग कहां Assemble गर्नूपर्छ भन्ने ज्ञान । | | |
| | १०. | ट्रिम गर्ने ज्ञान । | ट्रिम गर्दा ध्यान दिनूपर्ने । | | |
| | ११. | ट्रिम गरिएको ठांउमा रंग तथा पालिस लगाउने । | | | |

<table>
<tr><td></td><td colspan="3">निर्दिष्ट कार्य सम्पादन परीक्षण (सीप मुल्याकंन)</td></tr>
<tr><td>११</td><td colspan="2">निर्दिष्ट कार्य शीर्षक : पासपोर्ट केश/फोल्डर तयार गर्ने ।<br>निर्दिष्ट कार्य संख्या : ९</td><td>परीक्षण स्थान :<br>उम्मेदवारको नाम :<br>मुल्याकंनकर्ताको नाम :</td></tr>
<tr><td>१२</td><td>परीक्षण कारक तत्व तथा दफाहरु</td><td>स्तर कायम भएको</td><td>स्तरकायम नभएको (टिप्पणी गर्ने)</td></tr>
<tr><td></td><td><u>के उम्मेदवारले ?</u><br>९.१ डिजाईन सहितको निर्देशन प्राप्त गरे ।<br>९.२ उपर्यूक्त अनूसारको सामाग्री तथा कच्चा पदार्थ छनौट गरे ।<br>९.३ दिएको डिजाइन र नाप बमोजिम Master pattern तयार गरे ।<br>९.४ Master pattern बमोजिम कटिङ्ग प्यार्टन तयार पारे ।<br>९.५ छाला तथा लाइनिङ कपडामा मार्किङ्ग गरे ।<br>९.६ छाला तथा लाइनिङ कपडा तथा अन्य कच्चा पदार्थहरु सूरक्षितपूर्वक काटे ।<br>९.७ आवश्यक मोटाई राखी छाला स्प्लिटिङ्ग तथा स्काइभिङ्ग गरे ।<br>९.८ आवश्यक ठाउंमा मार्किङ्ग गरे ।<br>९.९ लाइनिङ्ग टांसी आवश्यकता अनूसार फोल्डिङ्ग गरे ।<br>९.१० दोबारेको ठाउंमा छोड्नू पर्ने भाग छोडी सिलाए ।<br>९.११ सम्पूर्ण सहायक भागहरुलाई मूख्य भागसंग Assemble गरे ।<br>९.१२ मूख्य भागमा अन्तिम सिलाई सूरक्षितपूर्वक सिलाए ।<br>९.१३ छाला तथा धागो ट्रिम गरे ।<br>९.१४ ट्रिम गरेको ठाउंम रंग तथा पालिस लगाई फिनिसिङ्ग गरे ।<br>९.१५ तयार भएको फोल्डर सूरक्षितपूर्वक प्याकिङ्ग गरी राखे ।</td><td></td><td></td></tr>
</table>

<table>
<tr><td colspan="2">निर्दिष्ट कार्य निर्देश</td></tr>
<tr><td>५</td><td>निर्दिष्ट कार्य संख्या : १०<br>निर्दिष्ट कार्य शिर्षक : साधारण लेडिज सपिङ्ग व्याग तयार पार्ने । पद: सहायक छाला वस्तू टेक्निसियन, तह -२</td></tr>
<tr><td>६</td><td><u>निर्दिष्ट कार्याशंहरु :</u><br><br>१०.१ डिजाईन सहितको मौखिक तथा लिखित निर्देशन प्राप्त गर्ने ।<br>१०.२ उपयुक्त अनूसारको सामाग्रीहरु तथा कच्चा पदार्थहरु छनौट गरी तयार गर्ने ।<br>१०.३ दिइएको डिजाईन र नाप अनूसार Master pattern तयार गर्ने ।<br>१०.४ Master pattern अनूसार cutting pattern तयार गर्ने ।<br>१०.५ Cutting pattern को सहायताबाट छाला तथा लाइनिङ कपडा अन्य सहायक कच्चा पदार्थहरुमा चिन्ह लगाउने ।<br>१०.६ चिन्ह लगाएको ठाउंमा चक्कू वा कैचीको सहायताबाट छाला तथा लाइनिङ कपडा काट्ने ।<br>१०.७ आवश्यक मोटाई छनौट गरी स्प्लिटिङ्ग तथा स्काइभिङ्ग गर्ने ।<br>१०.८ आवश्यक अनूसार छालाको भित्री भागमा मार्किङ्ग गर्ने ।<br>१०.९ सपिङ्ग व्यागको भित्री भागमा भित्री पकेट राख्ने ।<br>१०.१० लाइनिङ टांसी दोबार्ने र दोबारेको ठाउंम सिलाई भाग छोडी सिलाई गर्ने ।<br>१०.११ दूबै मूख्य भागलाई जोडी सिलाई गर्ने ।<br>१०.१२ अनावश्यक धागो, छाला तथा अन्य वस्तूलाई ट्रिम गर्ने ।<br>१०.१३ सोल्डर वेल्ट राख्नको लागि ठुलो फुली ठोक्ने र वेल्ट राख्ने ।<br>१०.१४ ट्रिम गरेको ठांउमा रंग तथा पालिस लगाउने र फिनिसिङ्ग गर्ने ।</td></tr>
</table>

| | निर्दिष्ट कार्य निर्देश |
|---|---|
| ७ | **<u>निर्दिष्ट कार्य सम्पादनका लागि आवश्यक सामाग्रीहरु :</u>**<br><br>क) स्टेशनरी : डिजाईन पुस्तिका, कार्डबोर्ड, पेपर, फाइवर बोर्ड, फुलस्केप पेपर, पेन्सिल, इरेजर, ज्यामितिय औजारहरु, प्यार्टन पेपर, बक्स बोर्ड(कूट), ग्लू, ब्रूस, लेदर मार्कर, टेलर चक, खाग्सी, स्टील स्केल आदि ।<br>ख) मेशिन तथा औजारहरु : सिलाई मेशिन, कैची, लेदर कटर, नाइफ, हाते बांक, पोइन्टर पिन, फोल्डिगं वोन, ह्याम्मर, फूली ठोक्ने स्टार डाई, प्वाल पार्ने डाई, सी.सी. आवश्यकता अनूसार स्प्लिटिङ्ग मेशिन पनि प्रयोग गर्न सकिन्छ ।<br>ग) फर्निचर : टेबूल, स्टूल, कटिङ्ग बोर्ड, रबर सीट आदि ।<br>घ) कच्चा पदार्थहरु : छाला, लाइनिङ कपडा, एडहेसिभ, सोलूसन, धागो, रंग, पालिस, प्लाष्टिक बोर्ड, सलाई, मैन वत्ती, पाइपिङ्ग डोरी आदि । |
| ८ | **<u>निर्दिष्ट कार्य सम्पादन स्तर :</u>**<br><br>• डिजाइन अनूसार निर्देशन प्राप्त गरेको ।<br>• आवश्यक सामाग्री तथा कच्चा पदार्थहरुको छनौट गरिएको ।<br>• डिजाइन र नाप बमोजिम Master pattern तयार पारेको ।<br>• Master pattern बमोजिम cutting pattern तयार पारिएको ।<br>• Cutting pattern को सहायताले कच्चा पदार्थहरुमा मार्किङ्ग गरिएको ।<br>• मार्किङ्ग अनूसार सहि तरिकाले कच्चा पदार्थ काटेको ।<br>• आवश्यकता अनूसार छाला स्प्लिटिङ्ग तथा स्काइभिङ्ग गरिएको ।<br>• सपिङ्ग व्यागको भित्री पकेट तयार पारेको ।<br>• डिजाइन अनूसार वटम गजेटमा पाइपिङ्ग राखी सिलाई गरेको । दूईवटा मूख्य भाग जोडी (Main body) सिलाई गरेको ।<br>• मूख्य भागहरुमा वटम गजेट(Bottom cusset) जोडि सिलाई गरेको ।<br>• भित्री लाइनिङ मूख्य भाग राखी सिलाई गरेको ।<br>• वेल्ट राख्नको लागि फुली राखी वेल्ट वेल्ट जडान गरेको ।<br>• अनावश्यक धागो, छाला इतयादिलाई ट्रिम गरेको ।<br>• आवश्यक ठाउंमा रंग तथा पालिस लागई फिनिसिङ्ग गरिएको ।<br>• तयारी वस्तूमा लेवल राखि प्याकिङ्ग गरिएको । |

| ९ | १० | निर्दिष्ट कार्य तालीम आधार सामाग्रीहरु | | | |
|---|---|---|---|---|---|
| नि.का. संख्या | नि.का. संख्या | प्राविधिक ज्ञान | व्यावहारिक परिकलन | रेखात्मक ज्ञान | सूरक्षा तथा स्वस्थ्य वृत |
| १० | १. | दिईएको डिजाइन सहितको निर्देशन बूझ्न सक्ने । | डिजाइन अनूसार नाप लिन सक्ने भई तीनको कार्यान्वयन गर्ने ज्ञान । | | |
| | २. | आवश्यक औजार तथा कच्चा पदार्थहरुको छनौट गर्ने ज्ञान । | | | |
| | ३. | दिइएको डिजाइन तथा नापको आधारमा Master pattern तयार गर्ने । | | | |
| | ४. | Master pattern को सहायताबाट cutting pattern तथार गर्ने । | | | |
| | ५. | Cutting pattern को सहायताबाट छाला तथा लाइनिङ कपडा र अन्य कच्चा पदार्थहरुमा मार्किङ्ग गर्ने र कटिङ्ग गर्ने । | छाला तथा कपडा काट्दा मार्किङ्ग अनूसार काट्नू पर्ने । | | |
| | ६. | आवश्यक मोटाई अनूसार छाला स्प्लिटिङ्ग तथा स्काइभिङ्ग गर्ने । | | | |
| | ७. | भित्री भागमा मार्किङ्ग गर्ने सम्बन्धित ज्ञान । | | | |
| | ८. | भित्री पकेट बनाउने सम्बन्धी ज्ञान । | | | |
| | ९. | मूख्य भागमा सिलाई गर्ने सम्बन्धी ज्ञान । | | | |
| | १०. | मूख्य भागमा गजेट तथा पाइपिङ्ग राख्ने ज्ञान । | | | |
| | ११. | सम्पूर्ण भागहरु जोडी सिलाई गर्ने ज्ञान । | | | |
| | १२. | सिलार्य गरेको धागो गांठो पारी पोल्ने ज्ञान । | | | |
| | १३. | फिनिसिङ्ग सम्बन्धी ज्ञान । | | | |

| | |
|---|---|
| | **निर्दिष्ट कार्य सम्पादन परीक्षण (सीप मुल्याकंन)** |

| | | | |
|---|---|---|---|
| ११ | **निर्दिष्ट कार्य शीर्षक : सिम्पल लेडिज सपिङ्ग व्याग तयार गर्ने ।**<br>**निर्दिष्ट कार्य संख्या : १०** | | **परीक्षण स्थान :**<br>**उम्मेदवारको नाम :**<br>**मुल्याकंनकर्ताको नाम :** |
| १२ | **परीक्षण कारक तत्व तथा दफाहरु** | **स्तर कायम भएको** | **स्तरकायम नभएको (टिप्पणी गर्ने)** |
| | **<u>के उम्मेदवारले ?</u>**<br>१०.१ डिजाइन नाप र निर्देशन प्रापत गरे ।<br>१०.२ आवश्यक सामाग्री तथा कच्चा पदार्थहरुको छनौट गरे ।<br>१०.३ डिजाईन नाप अनूसार Master pattern तयार गरे ।<br>१०.४ Master pattern को सहायताले cutting pattern तयार गरे ।<br>१०.५ Cutting pattern को सहायताबाट छाला तथा कपडामा चिन्ह लगाउ ।<br>१०.६ चिन्ह अनूसार कटिङ्ग गरे ।<br>१०.७ आवश्यक मोटाई अनूसार छालालाई स्पिलटिङ्ग तथा स्काइभिङ्ग गरे ।<br>१०.८ सपिङ्ग व्यागको भित्री पकेट तयार पारे ।<br>१०.९ अन्य सहायक भागहरु मूख्य भागसंग Assemble गरे ।<br>१०.१० अनावश्यक धागो, छाला तथा अन्य वस्तूलाई ट्रिम गरे ।<br>१०.११ सोल्डर वेलट राख्नको लागि फुली ठोके ।<br>१०.१२ पुर्णरपले तयार भैसकेको व्यागलाई फिनिसिङ्ग गरी प्याकिङ्ग गरे । | | |